# बाहदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३
च.नं. : ३५२६

नेपाल सम्वत् ११४६
मिति २०८३/०२/१९

श्री सरोकारवाला सबै
बाहदशी गाउँपालिका
झापा ।

विषयः व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धमा (अत्यन्त जरुरी सूचना) ।

यस बाहदशी गाउँपालिका क्षेत्रभित्र सञ्चालित कतिपय व्यापार, व्यवसाय तथा उद्योगहरू अन्य निकायबाट अनुमति लिए पनि यस गाउँपालिकामा दर्ता/नवीकरण नगरेको, यसै गाउँपालिकाबाट अनुमति लिएर पनि नियमित वार्षिक नवीकरण नगरेको, वा कुनै पनि निकायमा दर्ता नै नगरी सञ्चालन भइरहेको पाइएको छ।
स्थायी लेखा नम्बर (PAN) लिई यस गाउँपालिकाको क्षेत्राधिकारभित्र व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूको सम्पूर्ण विवरण निकट भविष्यमै यस कार्यालयको प्रणालीमा स्थानान्तरण (Data Transfer) हुँदैछ। तसर्थ, हालसम्म अनुमति नलिएका वा अनुमति लिएर पनि नवीकरण गर्न छुट भएका सम्पूर्ण सरोकारवाला व्यवसायीहरूले २०८३ साल जेठ मसान्तभित्र देहायबमोजिमका आवश्यक कागजातहरू संलग्न गरी बाहदशी गाउँपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम आफ्नो व्यवसाय अनिवार्य दर्ता तथा नवीकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। आर्थिक ऐन, २०८२ गाउँपालिकाको वेवसाईटमा रहेको छ ।

दर्ता तथा नवीकरणका लागि आवश्यक कागजातहरू:

१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि (यस गाउँपालिका वा अन्य कुनै निकायमा दर्ता भएको भए)।
२. स्थायी लेखा नम्बर (PAN/VAT) प्रमाणपत्रको प्रतिलिपि।
३. आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. **भाडामा सञ्चालन भएको हकमा:** घरधनीसँग गरिएको बहाल सम्झौताको प्रतिलिपि र उक्त घरजग्गाको आ.व. २०८२/८३ सम्मको सम्पत्ति कर/भूमिकर (मालपोत) तथा बहाल कर तिरेको रसिदको प्रतिलिपि।
५. **आफ्नै घरमा सञ्चालन भएको हकमा:** व्यवसाय सञ्चालन भएको घर तथा घरले चर्चेको जग्गाको आ.व. २०८२/८३ सम्मको सम्पत्ति कर/भूमिकर (मालपोत) तिरेको रसिदको प्रतिलिपि।

०८३/०२/१९.

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner
Scanned with CamScanner